
बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक २०८३



संघीय संसद सचिवालय
संसद भवन
सिंहदरबार, काठमाडौं

उद्देश्य र कारण

नेपालको संविधानले बालबालिकाको सर्वोत्तम हित कायम गर्ने गरी राज्यका नीतिहरूलाई निर्देशित गरेको छ। बालबालिकाका लागि संविधान प्रदत्त मौलिक हकको प्रचलन, संरक्षण र प्रवर्धन गर्नका लागि बालबालिका सम्बन्धी ऐनका कतिपय प्रावधानहरूमा समसामयिक रूपमा परिमार्जन गर्न आवश्यक रहेको छ। बालबालिका सम्बन्धी ऐनमा रहेका मुलतः बालन्याय प्रणालीमा बालबालिकाको सर्वोत्तम हित कायम गर्नका लागि कानूनको विवादमा रहेका बालबालिकाको बाल संरक्षण प्रणालीलाई सुदृढ एवं संस्थागत गर्दै बाल अधिकारका सबै पक्षलाई सन्तुलन कायम गर्न आवश्यक परेकोले बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेस गर्नु परेको हो।

सिता बादी
मन्त्री
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

आर्थिक टिप्पणी

बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेको र प्रस्तुत संशोधन विधेयकमा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने ठुला संरचना वा कार्यक्रमको प्रस्ताव नगरिएकोले प्रस्तावित संशोधनका विषय हाल विद्यमान प्रशासनिक तथा सांगठनिक संरचनाबाट नै कार्यान्वयन गर्न सकिने भएकोले यस संशोधन विधेयकबाट नेपाल सरकारलाई कुनै थप आर्थिक दायित्व पर्ने अवस्था देखिदैन।

सैद्धान्तिक अवधारणा

बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएका कतिपय शब्दावली, व्याकरण तथा आनुसाङ्गिक सुधार गर्न तथा बालबालिकाको सर्वोत्तम हित कायम गर्नका लागि कानूनको विवादमा परेका बालबालिकाको बाल संवेदनशीलता समेतलाई विचार गरी बालन्याय प्रणालीलाई सरल, सहज तथा बालमैत्री बनाउन आवश्यक भएकोले सरोकारवाला निकायहरूको राय/परामर्श समेतको आधारमा प्रस्तुत संशोधन विधेयकको मस्यौदा तयार भएको र बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्बाट संघीय संसदमा पेस गर्न मिति २०८३/०४/२० मा स्वीकृति प्राप्त भएकोले प्रस्तुत विधेयक पेस गरिएको छ।

बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,-

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "बालबालिका सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ मा संशोधन** : बालबालिका सम्बन्धी ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "अनाथ बालबालिका" भन्नाले बेवारिसे अवस्थामा प्रहरीले फेला पारेको र निजको बाबु वा आमा फेला नपरेको वा अस्पताल वा स्वास्थ्य संस्था वा कुनै सार्वजनिक स्थानमा बेवारिसे अवस्थामा छोडिएको वा बाबु र आमा पत्ता नलागेको वा बाबु र आमा दुबैको मृत्यु भई पालनपोषणको लागि कुनै सम्पत्ति नभएको भई जिल्ला प्रशासन कार्यलयबाट अनाथ भनी प्रमाणित गरेको बालबालिका सम्झनु पर्छ।"

(२) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छ :-

"(द) "मन्त्रालय" भन्नाले नेपाल सरकारको महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।"

(३) खण्ड (ध) पछि देहायको खण्ड (ध१) थपिएको छ :-

"(ध१) "सन्तान" भन्नाले नाबालक छोरा, छोरी , धर्मपुत्र, धर्मपुत्री वा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिका सम्झनु पर्छ ।"

३. **मूल ऐनको दफा ४ मा संशोधन** : मूल ऐनको दफा ४ को,-

(१) उपदफा (३) मा रहेका "बालबालिकाको आमाले चाहेमा" भन्ने शब्दहरू पछि "वा आमाको मृत्यु भएमा परिवारको अन्य सदस्य वा संरक्षकले" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :-

"(३क) उपदफा (३) बमोजिम परिवारको अन्य सदस्य वा संरक्षकले जन्म दर्ता नगरी दिएमा सम्बन्धित स्थानीय तहको सम्बन्धित वडाको वडा अध्यक्षले सूचक भई आमाको नाम मात्र राखी जन्मदर्ता गरिदिनु पर्नेछ।"

४. **मूल ऐनको दफा ५ मा संशोधन** : मूल ऐनको दफा ५ को उपदफा (२) र (३) को सट्टा देहायका उपदफा (२) र (३) राखिएका छन् :-

"(२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा आफ्ना सन्तानहरू बिच वा अघिल्लो पति वा पत्नी वा पछिल्लो पति वा पत्नीबाट जान्मिएको बालबालिकाहरू बिच भेदभाव गर्नु हुँदैन।

(३) कसैले पनि आफ्नो सन्तान वा आफ्नो संरक्षणमा रहेका बालबालिकाबिच कुनै किसिमको भेदभाव गर्न पाइने छैन।"

५. **<u>मूल ऐनको दफा ७ मा संशोधन</u>** : मूल ऐनको दफा ७ को,-

(१) उपदफा (३) मा रहेको "छोराछोरी" भन्ने शब्दको सट्टा " बालबालिका" भन्ने शब्द राखी सो उपदफाको अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर यस व्यवस्थाले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई यस ऐन बमोजिम विशेष संरक्षण उपलब्ध गराउन बाधा पारेको मानिने छैन।"

(२) उपदफा (६) मा रहेको "तिनीहरूको" भन्ने शब्दको सट्टा "बालबालिकाको" भन्ने शब्द राखिएको छ।

(३) उपदफा (९) को सट्टा देहायको (९) राखिएको छ :-

"(९) बालबालिकालाई बालश्रम निषेध र नियमित गर्ने सम्बन्धी प्रचलित कानून विपरीत जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदारको रूपमा राख्न पाइनेछैन।"

(४) उपदफा (९) पछि (९क) थपिएको छ :-

"(९क) कसैले पनि बालबालिकालाई कमैया श्रमिक वा कमलरीको रूपमा राख्न पाईनेछैन।"

(५) उपदफा (१०) पछि देहायको उपदफा (११) थपिएको छ :-

"(११) कुनै संस्था वा निकायले बालबालिकालाई अध्ययन, अवलोकन, शिक्षा, खेलकुद, शैक्षिक भ्रमण सम्बन्धी वा अन्य कुनै कार्यक्रममा सहभागिताका लागि नेपाल बाहिर लैजानु परेमा त्यसरी लैजानु अघि सम्बन्धित स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।"

६. **<u>मूल ऐनको दफा ११ मा संशोधन</u>** : मूल ऐनको दफा ११ को उपदफा (३) मा रहेका "बाल अदालत, प्रहरी कार्यालय, संरक्षक, अभिभावक वा अन्य निकायबाट" भन्ने शब्दहरू झिकिएका छन्।

७. **<u>मूल ऐनको दफा १६ मा संशोधन</u>** : मूल ऐनको दफा १६ को उपदफा (३) मा रहेका "छोराछोरीको हेरचाह" भन्ने शब्दहरूको सट्टा "सन्तानको हेरचाह" भन्ने शब्दहरू राखिएका छन्।

८. **<u>मूल ऐनको दफा २४ मा संशोधन</u>** : मूल ऐनको दफा २४ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छ :-

"(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसूरजन्य कार्यको अभियोग लागेको बालबालिका अठार वर्ष उमेर पूरा भएपछि फेला परेमा वा बाल अदालतमा हाजिर हुन आएमा बाल अदालतले त्यस्तो व्यक्तिलाई प्रचलित कानूनबमोजिम धरौटी वा जमानत माग गर्न वा मुद्दाको पुर्पक्षको लागि थुनामा राख्ने आदेश दिन सक्नेछ।"

९. **मूल ऐनको दफा २६ मा संशोधन** : मूल ऐनको दफा २६ को उपदफा (१) को खण्ड (झ) पछि खण्ड (झ१) थपिएको छ :-

"(झ१) मनोसामाजिक परामर्श सेवा प्राप्त गर्ने,"

१०. **मूल ऐनको दफा २७ मा संशोधन** : मूल ऐनको दफा २७ को,-

(१) उपदफा (१) को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन् :-

"(क) दश हजार रुपैयाँसम्म बिगो भएको वा दश हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद हुन सक्नेमा अनुसन्धान अधिकारीले,

(ख) तीस हजार रुपैयाँसम्म बिगो भएको वा तीस हजार रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद हुन सक्नेमा सरकारी वकिलले,"

(२) उपदफा (२) झिकिएको छ।

११. **मूल ऐनको दफा २९ मा संशोधन** : मूल ऐनको दफा २९ को,-

(१) उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ।

"(ख) बालबालिकालाई आफूले गरेको काम कारवाहीबाट परिवार तथा समाजलाई पर्ने असरको बारेमा अवगत गराउने,"

(२) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) उपदफा (१) बमोजिम अनुसन्धान अधिकारी वा सरकारी वकिलले दिशान्तर गरेकोमा तालुक निकाय, सम्बन्धित बाल अदालत र केन्द्रीय बाल न्याय समितिलाई र बाल अदालतले दिशान्तर गरेकोमा केन्द्रीय बाल न्याय समिति र सम्बन्धित उच्च अदालतलाई जानकारी दिनु पर्नेछ।"

१२. **मूल ऐनको दफा ३० मा संशोधन** : मूल ऐनको दफा ३० को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ :-

"(६) कुनै कसूरजन्य कार्यमा बालबालिका सहित उमेर पुगेको व्यक्ति संलग्न भएमा त्यस्तो मुद्दा बाल अदालतबाट कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ।"

१३. **मूल ऐनको दफा ३६ मा संशोधन** : मूल ऐनको दफा ३६ को,-

(१) उपदफा (१) मा रहेका "दश वर्षभन्दा" भन्ने शब्दहरूको सट्टा "बाह्र वर्षभन्दा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "दश वर्ष" भन्ने शब्दहरूको सट्टा "बाह्र वर्ष" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेका "कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म" भन्ने शब्दहरू झिकिएका छन्।

(३) उपदफा (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर त्यसरी उमेर पुगेको व्यक्तिलाई हुने कैद सजायको आधा सजाय गर्दा पाँच वर्षभन्दा बढी अवधि हुने गरी सजाय गरिनेछैन।"

(४) उपदफा (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर त्यसरी उमेर पुगेको व्यक्तिलाई हुने कैद सजायको दुई तिहाई सजाय गर्दा सात वर्षभन्दा बढी अवधि हुने गरी सजाय गरिनेछैन।"

(५) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छ :-

"(४क) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल अदालतको आदेशबमोजिम तिर्नुपर्ने क्षतिपूर्तिको रकम बालबालिकाले तिर्न नसकेमा सो बापत निजलाई बाल सुधार गृहमा राखिनेछैन।"

(६) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छ :-

"(५क) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२), (३) वा (४) बमोजिम सजाय ठहर भएको बालबालिका अठार वर्ष उमेर पूरा भएपछि फेला परेमा वा बाल अदालतमा हाजिर हुन आएमा बाल अदालतले त्यस्तो व्यक्तिलाई सजाय भएको अवधिको लागि प्रचलित कानूनबमोजिम कैदमा पठाउनु पर्नेछ।"

(७) उपदफा (७) मा रहेका "वा पटके रूपमा कसूर" भन्ने शब्दहरू झिकिएका छन्।

१४. <u>मूल ऐनको दफा ३८ मा संशोधन</u> : मूल ऐनको दफा ३८ को सट्टा देहायको दफा ३८ राखिएको छ :-

"३८. <u>सुधार अवधि घटाउन, छुट दिन वा प्यारोलमा राख्न सकिने</u> : (१) बाल अदालतको निर्णय बमोजिम बाल सुधार गृह, कुनै संस्था वा व्यक्तिको संरक्षण, जिम्मा वा निगरानीमा रहेको बालबालिकाको सुधार अवधि घटाउन वा छुट दिन उपयुक्त हुने देखेमा बाल सुधार गृहमा रहेको बालबालिकाको हकमा सम्बन्धित बाल सुधार गृहको प्रमुखले र अन्य कुनै संस्था वा व्यक्तिको संरक्षण, जिम्मा वा निगरानीमा रहेको बालबालिकाको हकमा सम्बन्धित बाल कल्याण अधिकारीले देहायका विवरण तथा कागजात संलग्न गरी बाल अदालतमा सिफारिस गर्न सक्नेछ :-

(क) बानी, व्यहोरा र आचरणमा आएको सुधार,

(ख) आर्जन गरिरहेको सीप वा शिक्षाको निरन्तरता,

(ग) कडा रोग लागि निको नहुने अवस्था भएको भनी नेपाल सरकारबाट मान्यताप्राप्त मेडिकल बोर्डको सिफारिस,

(घ) परिवार तथा समाजप्रति निजको सकारात्मक धारणा, र

(ङ) व्यतित गर्न बाँकी रहेको सुधार अवधि।

(२) उपदफा (१) बमोजिम प्राप्त सिफारिस उपर जाँचबुझ गर्दा सुधार अवधि घटाउन वा छुट दिन मनासिब देखेमा बाल अदालतले बालबालिकाको बाँकी सुधार अवधि घटाउन वा छुट दिन सक्नेछ।

(३) कुनै कसूरजन्य कार्य गरी बाल अदालतको निर्णयबमोजिम बाल सुधार गृहमा रहेको बालबालिका वा अठार वर्ष उमेर पुगेको व्यक्तिलाई प्यारोलको सुविधा दिन उपयुक्त देखेमा सम्बन्धित बाल सुधार गृहको प्रमुखले उपदफा (१) बमोजिमको विवरण तथा कागजात संलग्न गरी प्रचलित कानून बमोजिमको प्रोवेशन तथा प्यारोल बोर्ड समक्ष सिफारिस गर्न सक्नेछ।"

१५. **मूल ऐनमा दफा ४२क. थप** : मूल ऐनको दफा ४२ पछि देहायको दफा ४२क. थपिएको छ :-

"४२क. **प्रहरी हिरासतमा राख्न सकिने** :(१) दफा ४२ मा जुनसुकै कुरा लेखिएको भए तापनि बाल सुधार गृहमा रहेको अठार वर्ष उमेर पूरा भएको व्यक्तिले प्रचलित कानून बमोजिम फौजदारी कसूर मानिने कुनै कार्य गरेमा अनुसन्धानको लागि अदालतको अनुमतिमा प्रहरी हिरासतमा राख्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धानको लागि हिरासतमा राखिएको व्यक्ति उपर अनुसन्धान सम्पन्न भई अभियोजन भएमा अदालतले प्रचलित कानून बमोजिम धरौटी वा जमानत माग गर्न वा कैदमा राख्नको लागि कारागारमा पठाउन सक्नेछ।"

१६. **मूल ऐनको दफा ४३ मा संशोधन** : मूल ऐनको दफा ४३ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :-

"(३क) बाल सुधार गृहमा कुनै कारण सुरक्षा कायम गर्न चुनौती देखिएमा सुरक्षाकर्मी प्रवेश गरी आवश्यक सुरक्षा कारबाही गर्न वा बल प्रयोगको सिद्धान्त बमोजिम अन्तिम उपायको रूपमा न्यूनतम बल प्रयोग गर्न सक्नेछ।"

१७. **मूल ऐनमा दफा ४३क.थप** : मूल ऐनको दफा ४३ पछि देहायको दफा ४३क. थपिएको छ :-

"४३क. **कारागारमा पठाउन सिफारिस गर्न सक्ने** : (१) बाल सुधार गृहमा रहनुपर्ने अवधि पूरा नहुँदै त्यस्तो गृहमा रहेको बालबालिकाको उमेर अठार वर्ष पूरा भएमा र निजको आचरणमा सकारात्मक सुधार आएको नदेखिएमा वा निजको व्यवहारको कारणले बाल सुधार गृहमा राखिराख्न नसकिने भएमा सम्बन्धित बाल सुधार गृहको प्रमुखले त्यस्तो व्यक्तिलाई

कारागारमा पठाउन बाल सुधार गृह रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारीसमक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त सिफारिस उपर जाँचबुझ गर्दा त्यस्तो व्यक्तिलाई कारागारमा पठाउन मनासिब देखिएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई नजिकको कारागारमा पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम कारागारमा पठाइएको जानकारी बाल सुधार गृहको प्रमुखले सात दिनभित्र सम्बन्धित बाल अदालतलाई दिनु पर्नेछ।"

१८. **मूल ऐनको दफा ४४ मा संशोधन** : मूल ऐनको दफा ४४ को उपदफा (१) मा रहेका "नशालु पदार्थको" भन्ने शब्दहरूको सट्टा "नशालु पदार्थ वा लागू औषधको" भन्ने शब्दहरू राखिएका छन्।

१९. **मूल ऐनको दफा ४८ मा संशोधन** : मूल ऐनको दफा ४८ को उपदफा (१) को,-

(१) खण्ड (घ) मा रहेका "कानूनी विवादमा परेका" भन्ने शब्दहरूको सट्टा "कानूनको विवादमा परेका" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ठ) पछि देहायको खण्ड (ठ१) थपिएको छः-

"(ठ१) अन्तरलिङ्गी बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक पहिचान भएका बालबालिका, "

२०. **मूल ऐनको दफा ४९ मा संशोधन** : मूल ऐनको दफा ४९ को उपदफा (२) पछि देहाय बमोजिमको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिम दफा ४८ को उपदफा (१) को खण्ड (क) वा (च) बमोजिमका बालबालिकालाई बैकल्पिक हेरचाहको व्यवस्था मिलाउन नसकिएको अवस्थामा प्रचलित कानून बमोजिम धर्मपुत्र वा धर्मपुत्री सिफारिस गर्न सकिनेछ।"

२१. **मूल ऐनको दफा ५६ मा संशोधन** : मूल ऐनको दफा ५६ को उपदफा (१) मा रहेका "अन्तिम जिम्मेवार" भन्ने शब्दहरूको सट्टा "पूर्ण जिम्मेवार" भन्ने शब्दहरू राखिएका छन्।

२२. **मूल ऐनको दफा ५८ मा संशोधन** : मूल ऐनको दफा ५८ को उपदफा (२) मा रहेका "र स्थानीय तहको बाल अधिकार समिति" भन्ने शब्दहरूको सट्टामा "परिषद्" शब्द राखिएको छ।

२३. **मूल ऐनको दफा ५९ मा संशोधन** : मूल ऐनको दफा ५९ को सट्टामा देहायको व्यवस्था राखिएको छ :-

"५९. **राष्ट्रिय बाल अधिकार परिषद्** : (१) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्वर्द्धन गर्न देहाय बमोजिमको एक राष्ट्रिय बाल अधिकार परिषद् रहनेछः-

(क) मन्त्री, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक
र सामाजिक सुरक्षा मन्त्रालय -अध्यक्ष

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) सहसचिव, (बालबालिका विषय हेर्ने), मन्त्रालय -सदस्य

(घ) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) सहसचिव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय -सदस्य

(च) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(छ) सहसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय -सदस्य

(ज) सहसचिव, युवा, श्रम तथा रोजगार मन्त्रालय -सदस्य

(झ) सहसचिव, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ञ) सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय -सदस्य

(ट) प्रहरी नायब महानिरीक्षक, नेपाल प्रहरी प्रधान कार्यालय -सदस्य

(ठ) बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिताका क्षेत्रमा पाँच वर्ष काम गरेका व्यक्तिमध्येबाट त्यस्तो प्रत्येक क्षेत्रको एक जना पर्नेगरी नेपाल सरकारले मनोनयन गरेका कम्तिमा तीनजना महिला सहित पाँचजना -सदस्य

(ड) नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ठ) बमोजिम मनोनीत सदस्य र खण्ड (ड) बमोजिम नियुक्त सदस्य-सचिवको पदावधि चार वर्षको हुनेछ र नेपाल सरकारले निजलाई अर्को एक कार्यकालका लागि पुनः मनोनयन वा नियुक्त गर्न सक्नेछ।

(३) परिषद्को सदस्य र सदस्य सचिवमा मनोनयन तथा नियुक्त हुनका लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा भएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

(घ) भविष्यमा सरकारी सेवा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सेवा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व रहेको संस्थाको सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री, वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी

कसूर, सङ्गठित अपराध, बालबालिका विरूद्धको कसूर, बाल अधिकार हनन वा नैतिकपतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको वा कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सो भन्दा बढी कैदको सजाय नपाएको,

(च) मनोनीत वा नियुक्त हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(छ) प्रचिलत कानून बमोजिम अयोग्य नभएको।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ठ) र (ड) बमोजिमको सदस्य र सदस्य-सचिवले देहायको कुनै कार्य गरेमा निजलाई नेपाल सरकारले जुनसुकै बखत हटाउन सक्नेछ :-

(क) परिषद्लाई हानि-नोक्सानी हुने कुनै कार्य गरेमा,

(ख) यस ऐन र यस ऐन अन्तर्गतको नियमावली विपरीत कुनै कार्य गरेमा,

(ग) सार्वजनिक नीति तथा सदाचार प्रतिकूल कुनै कार्य गरेमा,

(घ) खराब आचरण गरेमा,

(ङ) आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा।

(५) उपदफा (४) बमोजिमको सदस्य र सदस्य सचिवलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्न मनासिब मौका दिनु पर्नेछ।

(६) परिषद्को बैठक तथा काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(७) परिषद्को सदस्य-सचिवको काम, कर्तव्य र अधिकार तथा पारिश्रमिक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

२४. **<u>मूल ऐनको दफा ६० मा संशोधन</u>** : मूल ऐनको दफा ६० को,-

(१) उपदफा (२) मा रहेका "गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको त्यस्तो गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुखको अध्यक्षतामा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) पछि देहाय बमोजिमको उपदफा (२क) थपिएको छ :-

"(२क) प्रत्येक स्थानीय तहको वडामा वडा अध्यक्षको अध्यक्षतामा वडा बाल अधिकार समिति रहनेछ।"

(३) उपदफा (३) मा रहेका " उपदफा (१) र (२) बमोजिमका प्रदेश बालअधिकार समिति र स्थानीय बालअधिकार समितिमा" भन्ने शब्दहरूको सट्टा " उपदफा (१), (२) र (२क) बमोजिमका प्रदेश बालअधिकार समिति, स्थानीय बालअधिकार समिति र वडा बालअधिकार समितिमा" भन्ने शब्दहरू राखिएका छन्।

२५. **मूल ऐनको दफा ६५ मा संशोधन** : मूल ऐनको दफा ६५ को,-

(१) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) कसैले दफा ७ को उपदफा (९) विपरीत कार्य गरेको पाइएमा त्यस्तो व्यक्ति उपर प्रचलित कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।"

(२) ठाउँ ठाउँमा रहेका "उच्च अदालत" भन्ने शब्दहरूको सट्टा "बाल अदालत" भन्ने शब्दहरू राखिएका छन्।

२६. **मूल ऐनको दफा ६६ मा संशोधन** : मूल ऐनको दफा ६६ को उपदफा (२) को,-

(१) खण्ड (च) मा रहेको "विद्युतीय" भन्ने शब्दपछि ", डिजिटल" भन्ने शब्द थपिएको छ।

(२) खण्ड (त) पछि देहायका खण्ड (त१) र (त२) थपिएका छन् :-

"(त१) बालबालिकालाई कमैया श्रम वा कमलरीको रूपमा राख्ने,

(त२) स्वास्थ्य जोखिमको कारण उपचार आवश्यक भएकोमा बाहेक अन्तरलिङ्गी बालबालिकाको लिङ्ग सुधार वा लिङ्ग निर्धारण गर्ने शल्यक्रिया गर्ने,"

२७. **मूल ऐनको दफा ६९ मा संशोधन** : मूल ऐनको दफा ६९ को सट्टा देहायको दफा ६९ राखिएको छ :-

"६९. **अस्थायी संरक्षण सेवा** : (१) तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम आवश्यकता अनुसार अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नु पर्नेछ।

(२) अस्थायी संरक्षण सेवाको प्रबन्ध सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

२८. **मूल ऐनको दफा ७१ मा संशोधन** : मूल ऐनको दफा ७१ को उपदफा (१) मा रहेको "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले" भन्ने शब्दहरू राखिएका छन्।

२९. **मूल ऐनको दफा ७२ मा संशोधन** : मूल ऐनको दफा ७२ को,-

(१) उपदफा (३) को खण्ड (क) मा रहेका "दफा ६६ को उपदफा (२) को खण्ड (क), (ख), (ग),(घ),(ङ),(च) वा (द)" भन्ने शब्दहरूको सट्टा "दफा ६६ को उपदफा (२) को खण्ड (क),(ख),(ग),(घ),(ङ),(च),(त२) वा (द)" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) दफा ६६ को उपदफा (२) को खण्ड (त१) बमोजिमको कुनै कार्य गरेमा तीन महिनासम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना,"

३०. **<u>मूल ऐनको दफा ७३ मा संशोधन</u>** : मूल ऐनको दफा ७३ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाले कुनै कसूरजन्य कार्य गरी क्षतिपूर्ति तिर्न नसक्ने अवस्था भएमा पीडित बालबालिका भए निजलाई दफा ६३ बमोजिमको बाल कोषबाट क्षतिपूर्ति भराई दिइनेछ र पीडित वयस्क व्यक्ति भएमा निजलाई प्रचलित कानून बमोजिमको पीडित राहत कोषबाट क्षतिपूर्ति भराई दिनु पर्नेछ।"

३१. **<u>रूपान्तर</u>** : मूल ऐनको ठाउँ ठाउँमा रहेका "बाल मनोविज्ञ" भन्ने शब्दहरूको सट्टा "बाल मनोविमर्शकर्ता" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ।

बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

क्र.सं.	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
१	संक्षिप्त नाम र प्रारम्भ	यस ऐनको नाम "बालबालिका सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८३" रहेको र यो ऐन प्रमाणिकरण भएपछि तुरुन्त प्रारम्भ हुनेछ।
२	दफा २ को खण्ड (क) मा संशोधन	"अनाथ" बालबालिका भन्नाले बेवारिसे अवस्थामा प्रहरीले फेला पारेको र निजको बाबु वा आमा फेला नपरेको वा अस्पताल वा स्वास्थ्य संस्था वा कुनै सार्वजनिक स्थानमा बेवारिसे अवस्थामा छोडिएको वा बाबु र आमा पत्ता नलागेको वा बाबु र आमा दुबैको मृत्यु भई पालनपोषणको लागि कुनै सम्पत्ति नभएको बालबालिका समेतलाई समेट्नेगरी परिभाषा गरिएको।
३	दफा २ को खण्ड (द) मा संशोधन	नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ बमोजिम मिलाइएको।
४	दफा २ को खण्ड (ध१) थप	लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका बालबालिकालाई समेत सम्बोधन गर्नु परेकोले।
५	दफा ४ को उपदफा (३) मा संशोधन	आमाको मृत्यु भएमा परिवारको अन्य सदस्य वा संरक्षकले पहिचानको अधिकार सुनिश्चित गर्नुपर्ने भएकोले संशोधन गरिएको छ।
६	दफा ४ को उपदफा (३क) थप	बालबालिकाको कानूनी अधिकार सुनिश्चत गर्न आवश्यक भएकोले नयाँ व्यवस्था थप गरिएको छ।
७	दफा ५ को उपदफा (२) र उपदफा (३) मा संशोधन	लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका बालबालिकालाई समेत सम्बोधन गर्न ।
८	दफा ७ को उपदफा (३) मा संशोधन	दफा ४८ को उपदफा (१) को खण्ड (च) बमोजिम विषेश संरक्षणको आवश्यकता भएका बालबालिकाको सर्वोत्तम हितको लागि प्रतिबन्धात्मक वाक्यांश थपिएको ।
९	दफा ७ को उपदफा (६) मा संशोधन	बालबालिका भन्ने शब्द राखि भाषा मिलाउनुपर्ने भएकोले ।

क्र.सं.	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
१०	दफा ७ को उपदफा (९) मा संशोधन	बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदारको रुपमा राख्ने कार्यलाई रोक्न आवश्यक भएको ।
११	दफा ७ को उपदफा (९क) थप	बालबालिकालाई कमैया श्रमिक वा कमलरीको रुपमा राख्नबाट रोक्न आवश्यक भएको ।
१२	दफा ७ को उपदफा (११) थप	कुनै संस्था वा निकायले बालबालिकालाई अध्ययन, अवलोकन, शिक्षा, खेलकुद, शैक्षिक भ्रमण सम्बन्धी वा अन्य कुनै कार्यक्रममा सहभागिताका लागि नेपाल बाहिर लैजाने कार्यलाई नियमन गर्न उपयुक्त भएकोले ।
१३	दफा ११ को उपदफा (३) मा संशोधन	कसूर जन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्न उपयुक्त हुने ।
१४	दफा १६ को उपदफा (३) मा संशोधन	लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका बालबालिकालाई समेत सम्बोधन गर्न आवश्यक भएकोले ।
१५	दफा २४ को उपदफा (६) थप	कसूरजन्य कार्यको आरोप वा अभियोग लागी फरार वा सम्पर्कमा नआउने र लामो अवधि पश्चात वयस्क अवस्थामा पुगेपछि मात्र फेला पर्ने वा अदालतमा हाजिर हुन आउने प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक देखिएको ।
१६	मूल ऐनको दफा २६ को उपदफा (१) को खण्ड (झ१) थप	सुनुवाईको सिलसिलामा बालबालिकालाई मनोसामाजिक परामर्श सेवा आवश्यक भएकोले ।
१७	दफा २७ को उपदफा (१) को खण्ड (क) र (ख) मा संशोधन	बालबालिकालाई औपचारिक न्यायिक प्रक्रियाबाट अलग गर्न दिशान्तर सम्बन्धी हाल विद्यमान कानूनी व्यवस्था अनुसार सो दायरामा पर्ने कसूरजन्य कार्य नगण्य मात्रामा रहेकोले दिशान्तरको दायरालाई फराकिलो पार्ने व्यवस्था गरिएको ।
१८	दफा २७ को उपदफा (२) झिकिएको	बालबालिकालाई औपचारिक न्यायिक प्रक्रियाबाट अलग गर्न दिशान्तर सम्बन्धी हाल विद्यमान कानूनी व्यवस्था अनुसार सो दायरामा पर्ने कसूरजन्य कार्य नगण्य मात्रामा रहेकोले दिशान्तरको दायरालाई फराकिलो पार्न झिकिएको ।

क्र.सं.	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
१९	दफा २९ को उपदफा (१) को खण्ड (ख) मा संशोधन	बालबालिकालाई गल्ति महसूस गराउनु भन्दा पनि अवगत गराउने भन्ने शब्दावली राख्न उपयुक्त भएको ।
२०	दफा २९ को उपदफा (५) मा संशोधन	दिशान्तर सम्बन्धी अभिलेखीकरणलाई व्यवस्थित गर्न उपयुक्त देखिएकोले संशोधन गरिएको छ।
२१	दफा ३० को उपदफा (६) मा संशोधन	जिल्ला अदालतमा पेश भइसकेको बालबालिका संलग्न रहेको मुद्दामा मिसिल अलग गर्ने व्यवस्था व्यवहारिक नरहेको ।
२२	दफा ३६ को उपदफा (१) मा संशोधन	अन्तर्राष्ट्रिय अभ्याससँग मिलान हुने गरी कानूनी व्यवस्था गर्न उपयुक्त देखिएको ।
२३	दफा ३६ को उपदफा (२) मा संशोधन	बालन्यायको सन्दर्भमा सर्वोच्च अदालतबाट प्रतिपादित न्यायिक सिद्धान्त अनुसार चौध वर्षभन्दा कम उमेरको बालबालिकालाई सजाय गर्नुपर्दा ६ महिनासम्म कैद सजाय गर्ने र सो अवधि बालसुधार गृहमा नै रहने भएको सन्दर्भमा बाल सुधार गृहमा एक वर्षसम्म राख्ने विषय सान्दर्भिक नरहेकोले ।
२४	दफा ३६ को उपदफा (३) मा संशोधन	वालबालिकालाई हुने सजायमा न्यूनतम सजाय गर्न उपयुक्त हुने देखिएकोले ।
२५	दफा ३६ को उपदफा (४) मा संशोधन	
२६	दफा ३६ को उपदफा (४क) थप	बालबालिकालाई क्षतिपूर्ति तिर्न नसके वापत थप कैद सजायको दायित्व व्यहोर्नु नपर्ने व्यवस्था गर्न उपयुक्त देखिएकोले ।
२७	दफा ३६ को उपदफा (५क) थप	कसूरजन्य कार्यको आरोप वा अभियोग लागेको र कैद सजाय ठहर हुँदा उपस्थित नभएको र लामो समय पश्चात वयस्क अवस्थामा पुगेपछि मात्र फेला पर्ने वा अदालतमा हाजिर हुन आउने प्रवृत्तिलाई निरुत्साहित गर्न र अदालतबाट भएको फैसला कार्यान्वयनलाई सहजीकरण गर्नको लागि उपयुक्त देखिएकोले नयाँ व्यवस्था थप गरिएको छ।
२८	दफा ३६ को उपदफा (७) मा सशोधन	बालबालिकालाई पटकेमा सजाय गर्न उपयुक्त नभएकोले ।
	दफा ३८ मा संशोधन	अठार वर्ष उमेर पूरा भए पश्चात गरेको कसूरमा सामान्य

क्र.सं.	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
२९		फौजदारी कानून आकर्षण नगर्दा सुधार गृहमा रहेका व्यक्तिमा नकारात्मक मनोबल बढ्न नदिन र बालबालिकालाई सुधार तर्फ प्रेरित गर्न उपयुक्त देखिएकोले ।
३०	दफा ४२ पछि दफा (४२क) थप	बालसुधार गृहभित्रका बालबालिकाको हितलाई ध्यानमा राखी फौजदारी कसुर गर्ने अठार वर्ष उमेर पूरा भएको व्यक्तिलाई बाल सुधार गृह राख्न उचित नभएकोले ।
३१	दफा ४३ को उपदफा (३क) थप	बालसुधार गृहमा विगतमा घटेका घटनाहरुलाई विचार गर्दा वालसुधार गृहमा शान्ति सुरक्षा कायम गर्न अन्तिम उपायको रुपमा न्यूनतम वल प्रयोग गर्न आवश्यक देखिएको ।
३२	दफा ४३क. थप	बालसुधार गृहमा विगतमा घटेका घटनाहरुलाई विचार गर्दा बालबालिकाका मुद्दा पुर्पक्ष वा सुधार अवधि भुक्तानका लागि बाल सुधार गृहमा रहेको अवस्थामा अठार वर्ष उमेर पूरा भएपछि निजको आचरणमा सुधार नभएमा बाल सुधार गृहमा राखिराख्न उचित नदेखिएको ।
३३	दफा ४४ को उपदफा (१) मा संशोधन	लागुऔषध समेत थप गर्नुपर्ने भएकोले ।
३४	दफा ४८ को उपदफा (१) को खण्ड (घ) मा संशोधन	कानूनको विवादमा परेका बालबालिकाको ऐनको दफा २ को खण्ड (घ) मा परिभाषा गरिएकोले एकरुपता कायम गर्न आवश्यक देखिएको।
३५	दफा ४८ को उपदफा (१) को खण्ड (ठ१) थप	अन्तरलिङ्गी बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक पहिचान भएका बालबालिकालाई समेत समावेश गर्न आवश्यक भएकोले ।
३६	दफा ४९ को उपदफा (२क) थप	ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क) अनाथ बालबालिका र खण्ड (च) बमोजिमका जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्रीको रुपमा दिने व्यवस्था गर्दा निजको सर्वोत्तम हित हुने र सन्तान नभएका दम्पत्ति वा व्यक्तिले सन्तान ग्रहण गर्न सहज हुने भएकोले ।

क्र.सं.	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
३७	दफा ५६ को उपदफा (१) मा संशोधन	सामान्य आनुसाङ्गिक सुधार एवं भाषिक सुधार गरिएको ।
३८	दफा ५८ को उपदफा (२) मा संशोधन	परिषद् समक्ष प्रतिवेदन पेश गर्दा बालबालिकाको अभिलेख व्यवस्थापन नियमनलाई प्रभावकारी वनाउन सहज हुने ।
३९	दफा ५९ मा संशोधन	नियमावलीमा रहेको सारवान व्यवस्थालाई ऐनमा राखि परिषद्लाई अझ सुदृढ र चुस्त बनाउन आवश्यक भएकोले नियमावली अनुसार व्यवस्था र थप संशोधन गरिएको ।
४०	दफा ६० को उपदफा (२) मा संशोधन	स्थानीय बाल अधिकार समितिको अध्यक्ष स्थानीय तहको प्रमुख हुँदा प्रभावकारी हुने भएकोले।
४१	दफा ६० को उपदफा (२क) थप	सङ्घीयताको मर्म अनुसार नजिकको निकायबाट सेवा प्रवाह गर्न उपयुक्त हुने भएकोले ।
४२	दफा ६० को उपदफा (३) मा संशोधन	
४३	दफा ६५ मा संशोधन	प्रचलित कानून विपरीत कार्य गर्ने व्यक्तिलाई कारवाही गर्न र बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको हक हित सम्बन्धी सबै विषयको अधिकारक्षेत्र बाल अदालतलाई हुने कानूनी व्यवस्था रहेको र उच्च अदालतले पुनरावेदकीय क्षेत्राधिकार ग्रहण गर्ने भएकोले उच्च अदालतमा सिधै निवेदन लाग्ने व्यवस्थाको सट्टा बाल अदालतमा निवेदन दिने व्यवस्था गर्न उपयुक्त हुने देखिएकोले संशोधन गरिएको छ।
४४	दफा ६६ को उपदफा (२) खण्ड (च) मा संशोधन	"डिजिटल" भन्ने शब्दले सामाजिक सञ्जालमा भएको कसुरलाई समेट्ने भएकोले थपिएको ।
४५	दफा ६६ को उपदफा (२) को खण्ड (त१) थप	बालबालिकालाई कमैया श्रम वा कमलरीको रूपमा राख्ने कार्यलाई कसूर कायम गरिएको ।

क्र.सं.	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
४६	दफा ६६ को उपदफा (२) को खण्ड (त२) थप	स्वास्थ्य जोखिमको कारण उपचार आवश्यक भएकोमा बाहेक अन्तरलिङ्गी बालबालिकाको लिङ्ग सुधार वा लिङ्ग निर्धारण गर्ने शल्यक्रिया गर्ने कार्यलाई कसुर कायम गर्न उपयुक्त भएको ।
४७	दफा ६९ मा संशोधन	विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकाको अस्थायी संरक्षण सेवा व्यवस्था गर्ने जिम्मेवारी संघीयताको मर्म बमोजिम प्रदेश सरकार र स्थानीय सरकारलाई पनि जिम्मेवार बनाउन उपयुक्त भएकोले ।
४८	दफा ७१ को उपदफा (१) मा संशोधन	सङ्घीयताको मर्म अनुसार सहकार्य, समन्वय र सह-अस्तित्व कायम गर्न आवश्यक भएकोले ।
४९	दफा ७२ को उपदफा (३) को खण्ड (क) मा संशोधन	संशोधनको क्रममा कसूर कायम गरिएका कार्यलाई सजाय गरी खण्डहरु मिलाइएको ।
५०	दफा ७२ को उपदफा (३) को खण्ड (क१) थप	दफा ६६ को उपदफा (२) को खण्ड (त१)मा कसूर कायम गरिएकोले सजाय गर्न आवश्यक भएकोले ।
५१	दफा ७३ को उपदफा (५) थप	क्षतिपूर्तिलाई वस्तुनिष्ठ बनाउन आवश्यक देखिएकोले ।
५२	<u>रूपान्तर</u>	"बाल मनोविज्ञ" भन्नाले मनोविज्ञानको क्षेत्रमा उच्च शैक्षिक योग्यता प्राप्त गरि सो क्षेत्रमा विशेषज्ञता हासिल गरेका व्यवसायिक व्यक्तिलाई जनाउने हुँदा यस्ता विशेषज्ञहरू देशभरिका स्थानीय तहहरूमा सहजरुपमा उपलब्ध हुन सक्ने सम्भावना न्यून भएकाले अन्तराष्ट्रिय परिभाषासँग अनुकूल बनाउँदै स्थानीय आवश्यक्ताालाई सम्बोधन गर्न "बाल मनोबिमर्शकर्ता" भन्ने शब्द प्रयोग गर्न उचित भएकोले।

प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

सिं.नं.	दफा	प्रत्यायोजित व्यवस्थापनको कारण	प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाईने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
१	दफा ५९ को उपदफा (६)	परिषद्को बैठक तथा काम, कर्तव्य र अधिकार जस्ता विषय प्रक्रियागत र प्रशासनिक प्रकृतिका भएकाले नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने।	परिषद्को बैठक सम्बन्धी व्यवस्था र बालबालिकाको सर्वोत्तम हित, सहभागिता, संरक्षण सम्बन्धी अधिकार सुनिश्चित गर्न परिषद्को काम कर्तव्य र अधिकारको निर्धारण गर्न ।	बालबालिका सम्बन्धी ऐनको स्पष्टता, मन्त्रालय, परिषद्, प्रदेश तथा स्थानीय तहबीचको भूमिका र अधिकारको क्षेत्र स्पष्ट हुने।
२	दफा ५९ को उपदफा (७)	परिषद्को सदस्य सचिवको काम, कर्तव्य, अधिकार तथा पारिश्रमिक जस्ता विषय प्रक्रियागत र प्रशासनिक प्रकृतिका भएकाले नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने।	परिषद्को सदस्य सचिवको काम, कर्तव्य, अधिकार र पारिश्रमिक तोकिने ।	सदस्य सचिवको भूमिका स्पष्ट हुँदा परिषद्को निर्णय समयमै कार्यान्वयन हुने, जिम्मेवारी पहिचान हुने र सचिवालय प्रभावकारीरूपमा सञ्चालन हुने। सरकारी तलबमान, संस्थागत संरचना र कार्यक्षेत्र परिवर्तन हुँदा ऐन संशोधन नगरी नियमावली मार्फत समायोजन गर्न सकिने।
३	दफा ६९ को उपदफा (२)	अस्थायी संरक्षण सेवा कसरी सञ्चालन गर्ने भन्ने विस्तृत व्यवस्था प्राविधिक, प्रक्रियागत प्रकृतिको हुन्छ। यी विषय कार्यान्वयनको अनुभव, जोखिमको प्रकृति, सेवाको मापदण्ड तथा संस्थागत क्षमता अनुसार परिवर्तन गर्नुपर्ने	बालबालिकाको सर्वोत्तम हितको सुनिश्चितता गर्दै ऐनले प्रदान गरेको अधिकारको सीमाभित्र रही सेवा सञ्चालनको प्रक्रिया, मापदण्ड, अवधि, हेरचाह, अनुगमन, पुनर्मिलनसम्बन्धी व्यवस्था गरिने ।	तत्काल संरक्षण आवश्यक भएका बालबालिकालाई सुरक्षित, गुणस्तरीय र मापदण्ड अनुकूल अस्थायी संरक्षण सेवा उपलब्ध हुने,सेवा प्रदायक निकायको जिम्मेवारी स्पष्ट हुने, उद्धार, हेरचाह, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाको प्रक्रिया व्यवस्थित हुने र सम्बन्धित

		भएकोले नियमावलीमा राख्नु व्यवहारीक रहेकोले।		निकायबीच समन्वय तथा उत्तरदायित्व अभिवृद्धि हुने।

बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको तीन महले विवरण

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
	दफा २ खण्ड (क)	"अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिका सम्झनु पर्छ।	"अनाथ बालबालिका" भन्नाले बेवारिसे अवस्थामा प्रहरीले फेला पारेको र निजको बाबु वा आमा फेला नपरेको वा अस्पताल वा स्वास्थ्य संस्था वा कुनै सार्वजनिक स्थानमा बेवारिसे अवस्थामा छोडिएको वा बाबु र आमा पत्ता नलागेको वा बाबु र आमा दुबैको मृत्यु भई पालनपोषणको लागि कुनै सम्पत्ति नभएको भनी बाल कल्याण अधिकारी वा स्थानीय तहबाट अनाथ प्रमाणित भएका बालबालिका सम्झनु पर्छ।"	"अनाथ बालबालिका" को परिभाषा बालबालिका सम्बन्धी विशेष ऐनमा नै परिभाषित गर्नुपर्ने भएकोले।
	दफा (२) को खण्ड (द)	(द) "मन्त्रालय" भन्नाले नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।	"(द) "मन्त्रालय" भन्नाले नेपाल सरकारको महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।"	नेपाल सरकार (कार्यविभाजन) नियमावली,२०८३ बमोजिम मिलान गर्नु पर्ने भएकोले ।
	दफा (२) को खण्ड (ध१)	नयाँ व्यवस्था थप गरिएको।	"सन्तान" भन्नाले नाबालक छोरा, छोरी , धर्मपुत्र, धर्मपुत्री वा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिका सम्झनु पर्छ ।	लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका बालबालिकालाई छोराछोरी शब्दले नसमेटिएको हुनाले परिभाषा थप गरिएको ।

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
	दफा ४ को उपदफा (३)	जबरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्नेछ ।	"बालबालिकाको आमाले चाहेमा" भन्ने शब्दहरू पछि "वा आमाको मृत्यु भएमा परिवारको अन्य सदस्य वा संरक्षकले" भन्ने शब्दहरू थपिएका छन्।	आमाको मृत्यु भएमा परिवारको अन्य सदस्य वा संरक्षकले पहिचानको अधिकार सुनिश्चित गर्नुपर्ने भएकोले।
	उपदफा (३क)	नयाँ व्यवस्था थप गरिएको।	उपदफा (३) बमोजिम परिवारको अन्य सदस्य वा संरक्षकले जन्म दर्ता नगरी दिएमा सम्बन्धित स्थानीय तहको सम्बन्धित वडाको वडा अध्यक्षले सूचक भई आमाको नाम मात्र राखी जन्मदर्ता गरिदिनु पर्नेछ।	बालबालिकाको कानूनी अधिकार सुनिश्चत गर्न आवश्यक भएकोले।
	दफा ५ को उपदफा (२)र उपदफा (३)	(२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा छोरा छोरी, छोरा, छोरा वा छोरी, छोरी वा अघिल्लो पति वा पत्नी वा पछिल्लो पति वा पत्नीबाट जन्मेको छोराछोरीका बीच कुनै भेदभाव गर्नु हुँदैन । (३) कसैले पनि आफ्नो छोरा छोरी र धर्मपुत्र धर्मपुत्री वा आफ्नो संरक्षणमा रहेका बालबालिका बीच कुनै किसिमको भेदभाव गर्न पाइने छैन।	"(२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा आफ्ना सन्तानहरु बिच वा अघिल्लो पति वा पत्नी वा पछिल्लो पति वा पत्नीबाट जन्मिएको बालबालिकाहरु बिच भेदभाव गर्नु हुदैन।" "(३) कसैले पनि आफ्नो सन्तान वा आफ्नो संरक्षणमा रहेका बालबालिका बिच कुनै किसिमको भेदभाव गर्न पाईने छैन।"	लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका बालबालिकालाई समेत सम्बोधन गर्न आवश्यक भएको ।

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
	दफा ७ को उपदफा (३)	कुनै पनि बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो छोराछोरी वा संरक्षकत्वमा रहेका बालबालिकालाई बेवारिस छोड्न वा त्याग्न पाउने छैन ।	उपदफा (३) मा रहेको "छोराछोरी" भन्ने शब्दको सट्टा " बालबालिका" भन्ने शब्द राखी सो उपदफाको अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :- "तर यस व्यवस्थाले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई यस ऐन बमोजिम विशेष संरक्षण उपलब्ध गराउन बाधा पारेको मानिने छैन।"	जबरजस्ती करणी वा हाडनाता करणीबाट जन्मिएका बालबालिकाहरूको हकमा आमा र बालबालिका दुवैको सर्वोत्तम हित कायम गर्न आवश्यक देखिएकाले। साथै दफा ४८ को उपदफा (१) को खण्ड (च) बमोजिम विषेश संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षणमा सहयोग पुऱ्याउन।
	दफा ७ को उपदफा (६)	प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार हुनेछ र बालबालिकालाई हानि हुने वा तिनीहरूको शिक्षामा बाधा अड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार हुनेछ	"तिनीहरूको" भन्ने शब्दको सट्टा "बालबालिकाको" भन्ने शब्द राखिएको छ।	भाषा मिलाउनुपर्ने भएकोले।
	दफा ७ को उपदफा (९)	**चौध वर्ष मुनिका** बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रुपमा राख्नु हुँदैन ।	बालबालिकालाई बालश्रम निषेध र नियमित गर्ने सम्बन्धी प्रचलित कानून विपरीत जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदारको रूपमा राख्न पाइनेछैन।	बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रुपमा राख्नबाट रोक्न आवश्यक भएकोले।
	उपदफा (९क)	नयाँ व्यवस्था थप गरिएको।	कसैले पनि बालबालिकालाई कमैया श्रमिक वा कमलरीको रूपमा राख्न	

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
			पाईनेछैन।	
	दफा ७ को उपदफा (११)	नयाँ व्यवस्था थप गरिएको।	कुनै संस्था वा निकायले बालबालिकालाई अध्ययन, अवलोकन, शिक्षा, खेलकुद, शैक्षिक भ्रमण सम्बन्धी वा अन्य कुनै कार्यक्रममा सहभागिताका लागि नेपाल बाहिर लैजानु परेमा त्यसरी लैजानु अघि सम्बन्धित स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।	बालबालिकाको गैर कानूनी ओसार पसार र बेचविखनबाट संरक्षण सुनिश्चित गर्न ।
	दफा ११ को उपदफा (३)	बाल अदालत, प्रहरी कार्यालय, संरक्षक, अभिभावक वा **अन्य निकाय**बाट कसूरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको नाम थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, कसूर तथा त्यस सम्बन्धमा कुनै कारबाही भएको भए सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्नु पर्नेछ । यसरी गोप्य राखिएको बालबालिकाको विवरण कानून बमोजिम बाहेक अन्यत्र प्रयोग गरिनु हुँदैन।	"बाल अदालत, प्रहरी कार्यालय, संरक्षक, अभिभावक वा अन्य निकायबाट" भन्ने शब्दहरू झिकिएका छन्।	कसूर जन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्न उपयुक्त हुने हुनाले।

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
	दफा १६ को उपदफा (३)	यस ऐन बमोजिम बालकल्याण अधिकारी वा बाल अदालतले बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था गर्दा, बालबालिकालाई बाबुआमा वा संरक्षकबाट अलग गर्नु पर्दा, बाबु आमाको सम्बन्ध विच्छेद भई छोराछोरीको हेरचाह र पालनपोषण कसले गर्ने भन्ने निर्णय गर्दा तोकिए बमोजिमको उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।	"छोराछोरीको हेरचाह" भन्ने शब्दहरूको सट्टा "सन्तानको हेरचाह" भन्ने शब्दहरू राखिएका छन्।	लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका बालबालिकालाई समेत सम्बोधन गर्न आवश्यक भएको ।
	दफा २४ को उपदफा (६)	नयाँ व्यवस्था थप गरिएको ।	यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसूरजन्य कार्यको अभियोग लागेको बालबालिका अठार वर्ष उमेर पूरा भएपछि फेला परेमा वा बाल अदालतमा हाजिर हुन आएमा बाल अदालतले त्यस्तो व्यक्तिलाई प्रचलित कानूनबमोजिम धरौटी वा जमानत माग गर्न वा मुद्दाको पुर्पक्षको लागि थुनामा राख्ने आदेश दिन सक्नेछ।	कसूरजन्य कार्यको आरोप वा अभियोग लागी फरार वा सम्पर्कमा नआउने र लामो अवधि पश्चात वयस्क अवस्थामा पुगेपछि मात्र फेला पर्ने वा अदालतमा हाजिर हुन आउने प्रवृतिलाई निरुत्साहित गर्न र अदालतलाई स्वविवेकीय अधिकार प्रदान गर्न उपयुक्त देखिएकोले।
	दफा २६ को उपदफा (१) खण्ड (झ१)	नयाँ व्यवस्था थप गरिएको ।	(झ१) मनोसामाजिक परामर्श सेवा प्राप्त गर्ने,	सुनुवाईको सिलसिलामा बालबालिकालाई मनोविमर्श तथा मनोसामाजिक परामर्श सेवा आवश्यक भएको ।

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
	दफा २७ को उपदफा (१) को खण्ड (क) र (ख)	(क)पाँच हजार सम्म विगो भएको वा दुई हजार रुपैया सम्म जरिवाना वा एक महिनासम्म कैद हुन सक्नेमा अनुसन्धान अधिकारीले, ख) दश हजार रुपैया सम्म विगो भएको वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा तीन बर्षसम्म कैद हुन सक्नेमा सरकारी वकिलले,	(क) दश हजार रुपैयाँसम्म बिगो भएको वा दश हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद हुन सक्नेमा अनुसन्धान अधिकारीले, (ख) तीस हजार रुपैयाँसम्म बिगो भएको वा तीस हजार रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद हुन सक्नेमा सरकारी वकिलले,"	बालबालिकालाई औपचारिक न्यायिक प्रक्रियाबाट अलग गर्न दिशान्तर सम्बन्धी हाल विद्यमान कानूनी व्यवस्था अनुसार सो दायरामा पर्ने कसूरजन्य कार्य नगण्य मात्रामा रहेकोले दिशान्तरको दायरालाई फराकिलो पार्न उपयुक्त देखिएकोले।
	दफा २७ को उपदफा (२)	उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन वर्ष वा सोभन्दा बढी कैद सजाय हुने मुद्दामा बालबालिकालाई दिशान्तर गर्न सकिने छैन	झिकिएको छ ।	बालबालिकालाई औपचारिक न्यायिक प्रक्रियाबाट अलग गर्न दिशान्तर सम्बन्धी हाल विद्यमान कानूनी व्यवस्था अनुसार सो दायरामा पर्ने कसूरजन्य कार्य नगण्य मात्रामा रहेकोले दिशान्तरको दायरालाई फराकिलो पार्न उपयुक्त देखिएकोले।
	दफा २९ को उपदफा (१) खण्ड (ख)	(ख)बालबालिकालाई गल्ती महसूस गर्न लगाउने,	बालबालिकालाई आफूले गरेको काम कारवाहीबाट परिवार तथा समाजलाई पर्ने असरको बारेमा अवगत गराउने।	बालबालिकालाई गल्ति महसूस गराउन उपयुक्त नभएकोले।

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
	दफा २९ को उपदफा (५)	उपदफा (१) बमोजिम अनुसन्धान अधिकारी, सरकारी वकील वा बाल अदालतले बालबालिकालाई दिशान्तर गरेको जानकारी आफ्नो माथिल्लो निकाय र बाल अदालतलाई दिनुपर्नेछ।	उपदफा (१) बमोजिम अनुसन्धान अधिकारी वा सरकारी वकिलले दिशान्तर गरेकोमा तालुक निकाय, सम्बन्धित बाल अदालत र केन्द्रीय बाल न्याय समितिलाई र बाल अदालतले दिशान्तर गरेकोमा केन्द्रीय बाल न्याय समिति र सम्बन्धित उच्च अदालतलाई जानकारी दिनु पर्नेछ।	यस दफामा देखिएको अस्पष्टतालाई थप स्पष्ट पार्न तथा दिशान्तर सम्बन्धी अभिलेखीकरणलाई व्यवस्थित गर्न उपयुक्त देखिएकोले।
	दफा ३० को उपदफा (६)	उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कसुर जन्य कार्यमा बालबालिका सहित उमेर पुगेका व्यक्ति संलग्न भएमा बालबालिकाको हकमा बाल अदालतबाट कारवाही, किनारा र सुनुवाइ गर्नु पर्नेछ र उमेर पुगेका व्यक्तिको हकमा छुट्टै मिसिल खडा गरी प्रचलित कानून बमोजिम मुद्दाको कारवाही, सुनुवाइ र किनारा गर्नु पर्नेछ।	कुनै कसूरजन्य कार्यमा बालबालिका सहित उमेर पुगेको व्यक्ति संलग्न भएमा त्यस्तो मुद्दा बाल अदालतबाट कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ।	जिल्ला अदालतमा पेश भइसकेको बालबालिका संलग्न रहेको मुद्दामा मिसिल अलग गर्ने व्यवस्था व्यवहारिक नरहेको र सम्बन्धित बाल इजलासले नै हेर्ने व्यवस्था रहेकोले अलग मिसिल खडा गर्न आवश्यक नपर्ने हुँदा सो वाक्यांश झिक्न उपयुक्त देखिएकोले।
	दफा ३६ को उपदफा (१)	कसूरजन्य कार्य गर्दा बालबालिकाको उमेर **दश बर्षभन्दा** कम भए निज उपर कुनै प्रकारको मुद्दा चलाईने र निजलाई कुनै किसिमको सजाय हुने छैन।	"दश वर्षभन्दा" भन्ने शब्दहरूको सट्टा "बाह्र वर्षभन्दा" भन्ने शब्दहरू राखिएका छन्।	अन्तरराष्ट्रिय अभ्याससँग मिलान हुने गरी कानूनी व्यवस्था गर्न उपयुक्त देखिएकोले।

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
	दफा ३६ को उपदफा (२)	**दश बर्ष** वा सो भन्दा माथि र चौध बर्षभन्दा कम उमेरको बालबालिकाले जरिवाना हुने कसूरजन्य कार्य गर्को भए निजलाई सम्झाई बुझाई छाडिनेछ र कैद हुने कसूरजन्य कार्य गरेको भए कसूरको प्रकृती हेरी छ महिनासम्म **कैद सजाय गर्न वा कैद नगरी बढीमा एक बर्षसम्म** बाल सुधार गृहमा राखिनेछ।	"दश वर्ष" भन्ने शब्दहरूको सट्टा "बाह्र वर्ष" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेका "कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म" भन्ने शब्दहरू झिकिएका छन्।	बालन्यायको सन्दर्भमा सर्वोच्च अदालतबाट प्रतिपादित न्यायिक सिद्धान्त अनुसार चौध वर्षभन्दा कम उमेरको बालबालिकालाई सजाय गर्नुपर्दा ६ महिनासम्म कैदसजाय गर्ने र सो अवधि बालसुधार गृहमा नै रहने भएको सन्दर्भमा बाल सुधार गृहमा एक वर्षसम्म राख्ने विषय सान्दर्भिक नरहेकोले सो प्रावधानलाई झिक्न उपयुक्त देखिएकोले।
	दफा ३६ को उपदफा (३)	चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ ।	देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः- "तर त्यसरी उमेर पुगेको व्यक्तिलाई हुने कैद सजायको आधा सजाय गर्दा पाँच वर्षभन्दा बढी अवधि हुने गरी सजाय गरिनेछैन।"	वालबालिकालाई हुने सजायमा न्यूनतम सजाय गर्न उपयुक्त हुने।
	दफा ३६ को उपदफा (४)	सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुनेछ ।	देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः- "तर त्यसरी उमेर पुगेको व्यक्तिलाई हुने कैद सजायको दुई तिहाई सजाय गर्दा सात वर्षभन्दा बढी अवधि हुने गरी सजाय गरिनेछैन।"	वालबालिकालाई हुने सजायमा न्यूनतम सजाय गर्न उपयुक्त हुने।
	दफा ३६ को	नयाँ व्यवस्था थप गरिएको ।	प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको	क्षतिपूर्ति तिर्न नसके वापत

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
	उपदफा (४क)		भए तापनि बाल अदालतको आदेश बमोजिम तिर्नु पर्ने क्षतिपूर्तिको रकम बालबालिकाले तिर्न नसकेमा सो बापत निजलाई बाल सुधार गृहमा राखिनेछैन।	बालबालिकालाई थप कैद सजायको दायित्व व्यहोर्नु नपर्ने व्यवस्था गर्न उपयुक्त देखिएकोले।
	दफा ३६ को उपदफा (५क)	नयाँ व्यवस्था थप गरिएको ।	उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२), (३) वा (४) बमोजिम सजाय ठहर भएको बालबालिका अठार वर्ष उमेर पूरा भएपछि फेला परेमा वा बाल अदालतमा हाजिर हुन आएमा बाल अदालतले त्यस्तो व्यक्तिलाई सजाय भएको अवधिको लागि प्रचलित कानून बमोजिम कैदमा पठाउनु पर्नेछ।"	कसूरजन्य कार्यको आरोप वा अभियोग लागेको र कैद सजाय ठहर हुँदा उपस्थित नभएको र लामो समय पश्चात वयस्क अवस्थामा पुगेपछि मात्र फेला पर्ने वा अदालतमा हाजिर हुन आउने प्रवृतिलाई निरुत्साहित गर्न र अदालतबाट भएको फैसला कार्यान्वयनलाई सहजीकरण गर्नेको लागि उपयुक्त देखिएकोले।
	दफा ३६ को उपदफा (७)	यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसूर, गम्भीर कसूर वा पटके रुपमा कसुर गरेकोमा बाहेक कैदको सजाय गरिने छैन ।	"वा पटके रुपमा कसूर" भन्ने शब्दहरु झिकिएका छन्।	बालबालिकालाई पटकेमा सजाय नहुने भन्ने सिद्धान्तसँग बाझिने भएकोले । (फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव प्रतिवेदन, २०८१)
	<u>दफा ३८</u>	**<u>सुधार अवधि घटाउन वा छुट दिन सक्नेः-</u>** (१)बाल अदालतको निर्णय बमोजिम बाल सुधार गृह,कुनै संस्था वा व्यवहारमा सन्तोषजनक सुधार आएमा बाल कल्याण अधिकारीले त्यस्तो बालबालिकाको सुधार	**<u>सुधार अवधि घटाउन, छुट दिन वा प्यारोलमा राख्न सकिने</u>** : (१) बाल अदालतको निर्णय बमोजिम बाल सुधार गृह, कुनै संस्था वा व्यक्तिको संरक्षण, जिम्मा वा निगरानीमा रहेको बालबालिकाको सुधार	अठार वर्ष उमेर पूरा भए पश्चात गरेको कसूरमा सामान्य फौजदारी कानून आकर्षण नगर्दा सुधार गृहमा रहेका व्यक्तिहरुमा नकारात्मक मनोबल बढ्न नदिन र बालबालिकालाई सुधार तर्फ प्रेरित

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
		अवधि घटाउन वा छुट दिन बाल अदालत समक्ष सिफारिस गर्न सक्नेछ। (२)उपदफा (१)बमोजिम प्राप्त भएको सिफारिस जाँचबुझ गर्दा सुधार अवधि घटाउन वा छुट दिन मनासिव देखिएमा बाल अदालतले बालबालिकाको बाँकी सुधार अवधि घटाउन वा छुट दिन सक्नेछ।	अवधि घटाउन वा छुट दिन उपयुक्त हुने देखेमा बाल सुधार गृहमा रहेको बालबालिकाको हकमा सम्बन्धित बाल सुधार गृहको प्रमुखले र अन्य कुनै संस्था वा व्यक्तिको संरक्षण, जिम्मा वा निगरानीमा रहेको बालबालिकाको हकमा सम्बन्धित बाल कल्याण अधिकारीले देहायका विवरण तथा कागजात संलग्न गरी बाल अदालतमा सिफारिस गर्न सक्नेछ :- (च) बानी, व्यहोरा र आचरणमा आएको सुधार, (छ) आर्जन गरिरहेको सीप वा शिक्षाको निरन्तरता, (ज) कडा रोग लागि निको नहुने अवस्था भएको भनी नेपाल सरकारबाट मान्यताप्राप्त मेडिकल बोर्डको सिफारिस, (झ) परिवार तथा समाजप्रति निजको सकारात्मक धारणा, र (ञ) व्यतित गर्न बाँकी रहेको सुधार अवधि। (२) उपदफा (१) बमोजिम प्राप्त	गर्न उपयुक्त देखिएकोले।

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
			सिफारिस उपर जाँचबुझ गर्दा सुधार अवधि घटाउन वा छुट दिन मनासिब देखेमा बाल अदालतले बालबालिकाको बाँकी सुधार अवधि घटाउन वा छुट दिन सक्नेछ। (३) कुनै कसूरजन्य कार्य गरी बाल अदालतको निर्णयबमोजिम बाल सुधार गृहमा रहेको बालबालिका वा अठार वर्ष उमेर पुगेको व्यक्तिलाई प्यारोलको सुविधा दिन उपयुक्त देखेमा सम्बन्धित बाल सुधार गृहको प्रमुखले उपदफा (१) बमोजिमको विवरण तथा कागजात संलग्न गरी प्रचलित कानून बमोजिमको प्रोवेशन तथा प्यारोल बोर्ड समक्ष सिफारिस गर्न सक्नेछ।	

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
	दफा ४२क.	नयाँ व्यवस्था थप गरिएको ।	<u>प्रहरी हिरासतमा राख्न सकिनेः</u> (१) दफा ४२ मा जुनसुकै कुरा लेखिएको भए तापनि बाल सुधार गृहमा रहेको अठार वर्ष उमेर पूरा भएको व्यक्तिले प्रचलित कानून बमोजिम फौजदारी कसूर मानिने कुनै कार्य गरेमा अनुसन्धानको लागि अदालतको अनुमतिमा प्रहरी हिरासतमा राख्न सकिनेछ। (२) उपदफा (१) बमोजिम अनुसन्धानको लागि हिरासतमा राखिएको व्यक्ति उपर अनुसन्धान सम्पन्न भई अभियोजन भएमा अदालतले प्रचलित कानून बमोजिम धरौटी वा जमानत माग गर्न वा कैदमा राख्नको लागि कारागारमा पठाउन सक्नेछ।	बालसुधार गृहभित्रका बालबालिकाको हितलाई ध्यानमा राखी फौजदारी कसुर गर्ने अठार वर्ष उमेर पूरा भएको व्यक्तिलाई बाल सुधार गृह राख्न उचित नभएकोले ।
	दफा ४३ को उपदफा (३क)	नयाँ व्यवस्था थप गरिएको ।	बाल सुधार गृहमा कुनै कारण सुरक्षा कायम गर्न चुनौती देखिएमा सुरक्षाकर्मी प्रवेश गरी आवश्यक सुरक्षा कारबाही गर्न वा बल प्रयोगको सिद्धान्त बमोजिम अन्तिम उपायको रूपमा न्यूनतम बल प्रयोग गर्न सक्नेछ।	बालसुधार गृहमा विगतमा घटेका घटनाहरुलाई विचार गर्दा बालसुधार गृहमा शान्ति सुरक्षा कायम गर्न न्यूनतम वल प्रयोग गर्न आवश्यक देखिएकोले।
	दफा ४३क	नयाँ व्यवस्था थप भएको ।	**४३क. <u>कारागारमा पठाउन सिफारिस गर्न सक्ने</u>** : (१) बाल सुधार गृहमा रहनुपर्ने अवधि पूरा नहुँदै त्यस्तो गृहमा रहेको बालबालिकाको उमेर अठार वर्ष पूरा भएमा	बालसुधार गृहमा विगतमा घटेका घटनाहरुलाई विचार गर्दा बालबालिकाका मुद्धा पुर्पक्ष वा सुधार अवधि भुक्तानका लागि बाल सुधार गृहमा रहेको अवस्थामा

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
			र निजको आचरणमा सकारात्मक सुधार आएको नदेखिएमा वा निजको व्यवहारको कारणले बाल सुधार गृहमा राखिराख्न नसकिने भएमा सम्बन्धित बाल सुधार गृहको प्रमुखले त्यस्तो व्यक्तिलाई कारागारमा पठाउन बाल सुधार गृह रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारीसमक्ष सिफारिस गर्न सक्नेछ। (२) उपदफा (१) बमोजिम प्राप्त सिफारिस उपर जाँचबुझ गर्दा त्यस्तो व्यक्तिलाई कारागारमा पठाउन मनासिब देखिएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई नजिकको कारागारमा पठाउन सक्नेछ। (३) उपदफा (२) बमोजिम कारागारमा पठाइएको जानकारी बाल सुधार गृहको प्रमुखले सात दिनभित्र सम्बन्धित बाल अदालतलाई दिनु पर्नेछ।	अठार वर्ष उमेर पूरा भएपछि निजको आचरणमा सुधार नभएमा बाल सुधार गृहमा राखिराख्न उचित नदेखिएकोले ।

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
	दफा ४४ को उपदफा (१)	बाल सुधार गृहमा रहेका कुनै बालबालिकालाई कुनै दीर्घ वा कडा रोग लागेको कारण निरन्तर रुपमा उपचार गराइ राख्नुपर्ने भएमा वा कुनै बालबालिकाको मानसिक वा शारीरिक रुपमा अशक्त भइ वा निज **नशालु पदार्थ**को कुलतमा लागेको कारण निजलाई अनेत्र सार्नको लागि सम्वन्धित चिकित्सकले सिफारिस गरेमा बाल अदालतले त्यस्तो बालबालिकालाई निश्चित अवधिका लागि अन्य ठाँउमा सार्नका गरी आदेश दिन सक्नेछ।	"नशालु पदार्थको" भन्ने शब्दहरूको सट्टा "नशालु पदार्थ वा लागू औषधको" भन्ने शब्दहरू राखिएका छन्।	लागुऔषध समेत थप गर्नुपर्ने भएकोले।
	दफा ४८ को उपदफा (१) को खण्ड (घ)	**कानूनी विवादमा परेका** बालबालिका मध्य दिशान्तर प्रक्रिया अन्तर्गत बैकल्पिक हेरचाहका लागि सिफारिस भएका बालबालिका,	**"कानूनी विवादमा परेका"** भन्ने शब्दहरूको सट्टा **"कानूनको विवादमा परेका"** भन्ने शब्दहरू राख्ने।	ऐनको दफा २ को खण्ड (घ) ले गरेको परिभाषा अनुसार कानूनको विवादमा परेका बालबालिका भन्ने शब्दावली ऐनमा प्रयोग भएकोले एकरुपता कायम गर्न आवश्यक देखिएकोले।
	दफा ४८ को उपदफा (१) को खण्ड (ठ१)	नयाँ व्यवस्था थप गरिएको ।	"(ठ१) अन्तरलिङ्गी बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक पहिचान भएका बालबालिका, "	अन्तरलिङ्गी बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक पहिचान भएका बालबालिकालाई समेत समावेश गर्न ।
	दफा ४९ को उपदफा (२क)	नयाँ व्यवस्था थप गरिएको ।	"(२क) उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिम दफा ४८ को उपदफा (१) को खण्ड (क) वा (च) बमोजिमका बालबालिकालाई बैकल्पिक हेरचाहको	ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क) अनाथ बालबालिका र खण्ड (च) बमोजिमका जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
			व्यवस्था मिलाउन नसकिएको अवस्थामा प्रचलित कानून बमोजिम धर्मपुत्र वा धर्मपुत्री सिफारिस गर्न सकिनेछ।"	हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्रीको रुपमा दिने व्यवस्था गर्दा निजको सर्वोत्तम हित हुने र सन्तान नभएका दम्पत्ति वा व्यक्तिले सन्तान ग्रहण गर्न सहज हुने भएकोले।
	दफा ५६ को उपदफा (१)	यस परिच्छेद बमोजिम कुनै संस्थाले संरक्षकको जिम्मेवारी पाएको भएमा त्यस्तो संस्था प्रमुख बालबालिकाको हेरचाह तथा पालनपोषणको लागि अन्तिम जिम्मेवार मानिने छ ।	"अन्तिम जिम्मेवार" भन्ने शब्दको सट्टा " पूर्ण जिम्मेवार" भन्ने शब्दहरु राखिएका छन्।	थप स्पष्ट गर्न आवश्यक रहेकोले ।
	दफा ५८ को उपदफा (२)	उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा स्थानीय बाल अधिकार समितिले प्रतिवेदन तयार गरी वार्षिक रूपमा प्रदेशस्तरको बाल अधिकार समिति र स्थानीय तहको बाल अधिकार समिति समक्ष पेश गर्नु पर्नेछ ।	"र स्थानीय तहको बाल अधिकार समिति" भन्ने शब्दहरूको सट्टामा "परिषद्" शब्द राखिएको छ।	थप स्पष्ट गर्न आवश्यक रहेकोले ।
	दफा ५९	राष्ट्रिय बालअधिकार परिषद्: (१) बालबालिकाको अधिकार तथा हकहितको	"५९. <u>राष्ट्रिय बाल अधिकार परिषद्</u> : (१) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्वर्द्धन गर्न देहाय बमोजिमको	नियमावलीमा रहेको सारवान व्यवस्थालाई ऐनमा राखि परिषद्लाई अझ सुदृढ र चुस्त बनाउन आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
		संरक्षण र सम्वर्द्धन गर्न नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको अध्यक्षतामा तोकिएबमोजिमको एक राष्ट्रिय बाल अधिकार परिषद् रहनेछ। (२) परिषदको बैठक तथा काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।	एक राष्ट्रिय बाल अधिकार परिषद् रहनेछः- (ढ) मन्त्री, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय -अध्यक्ष (ण) सचिव, मन्त्रालय -सदस्य (त) सहसचिव, (बालबालिका विषय हेर्ने), मन्त्रालय -सदस्य (थ) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य (द) सहसचिव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय -सदस्य (ध) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य (न) सहसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय -सदस्य (ऩ) सहसचिव, युवा, श्रम तथा रोजगार	

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
			मन्त्रालय - सदस्य (प) सहसचिव, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य (फ) सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय -सदस्य (ब) प्रहरी नायब महानिरीक्षक, नेपाल प्रहरी प्रधान कार्यालय - सदस्य (भ) बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिताका क्षेत्रमा पाँच वर्ष काम गरेका व्यक्तिमध्येबाट त्यस्तो प्रत्येक क्षेत्रको एक जना पर्नेगरी नेपाल सरकारले मनोनयन गरेका कम्तिमा तीनजना महिला सहित पाँचजना - सदस्य	

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
			(म) नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - सदस्य-सचिव (२) उपदफा (१) को खण्ड (ठ) बमोजिम मनोनीत सदस्य र खण्ड (ड) बमोजिम नियुक्त सदस्य-सचिवको पदावधि चार वर्षको हुनेछ र नेपाल सरकारले निजलाई अर्को एक कार्यकालका लागि पुनः मनोनयन वा नियुक्त गर्न सक्नेछ। (३) परिषद्को सदस्य र सदस्य सचिवमा मनोनयन तथा नियुक्त हुनका लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछः- (ज) नेपाली नागरिक, (झ) पच्चीस वर्ष उमेर पूरा भएको, (ञ) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरेको, (ट) भविष्यमा सरकारी सेवा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सेवा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक	

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
			स्वामित्व रहेको संस्थाको सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको, (ठ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री, वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर, सङ्गठित अपराध, बालबालिका विरूद्धको कसूर, बाल अधिकार हनन वा नैतिकपतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको वा कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सो भन्दा बढी कैदको सजाय नपाएको, (ड) मनोनीत वा नियुक्त हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, (ढ) प्रचिलत कानून बमोजिम अयोग्य नभएको।	

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
			(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ठ) र (ड) बमोजिमको सदस्य र सदस्य-सचिवले देहायको कुनै कार्य गरेमा निजलाई नेपाल सरकारले जुनसुकै बखत हटाउन सक्नेछ :- (च) परिषद्लाई हानि-नोक्सानी हुने कुनै कार्य गरेमा, (छ) यस ऐन र यस ऐन अन्तर्गतको नियमावली विपरीत कुनै कार्य गरेमा, (ज) सार्वजनिक नीति तथा सदाचार प्रतिकूल कुनै कार्य गरेमा, (झ) खराब आचरण गरेमा, (ञ) आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा। (५) उपदफा (४) बमोजिमको सदस्य र सदस्य सचिवलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्न मनासिब मौका दिनु पर्नेछ। (६) परिषद्को बैठक तथा काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था	

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
			तोकिएबमोजिम हुनेछ। (७) परिषद्को सदस्य-सचिवको काम, कर्तव्य र अधिकार तथा पारिश्रमिक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"	
	दफा ६० को उपदफा (२)	प्रत्येक स्थानीय तहमा **गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको त्यस्तो गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा** स्थानीय बाल अधिकार समिति रहने छ ।	"गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको त्यस्तो गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुखको अध्यक्षतामा" भन्ने शब्दहरू राखिएका छन् ।	स्थानीय बाल अधिकार समितिको अध्यक्ष स्थानीय तहको प्रमुख हुँदा प्रभावकारी हुने भएकोले ।
	दफा ६० को उपदफा (२क)	नयाँ व्यवस्था थप गरिएको।	"(२क) प्रत्येक स्थानीय तहको वडामा वडा अध्यक्षको अध्यक्षतामा वडा बाल अधिकार समिति रहनेछ।"	सङ्घीयताको मर्म अनुसार नजिकको निकायबाट सेवा प्रवाह गर्न उपयुक्त हुने भएकोले।
	दफा ६० को उपदफा (३)	उपदफा (१) र (२) बमोजिमका प्रदेश बालअधिकार समिति र स्थानीय बालअधिकार समितिमा रहने सदस्य सङ्ख्या र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि प्रदेश र स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।	उपदफा (१) र (२) बमोजिमका प्रदेश बालअधिकार समिति र स्थानीय बालअधिकार समितिमा" भन्ने शब्दहरूको सट्टा " उपदफा (१), (२) र (२क) बमोजिमका प्रदेश बालअधिकार समिति, स्थानीय बालअधिकार समिति र वडा बालअधिकार समितिमा" भन्ने शब्दहरू	सङ्घीयताको मर्म अनुसार सम्बन्धित तहबाट निर्णय गर्न उपयुक्त हुने भएकोले।

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
			राखिएका छन्।	
	दफा ६५	बालबालिकाको अधिकार प्रचलन गराउने:(१) दफा ६४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले परिच्छेद–२ बमोजिमको बालबालिकाको अधिकार उल्लङ्घन गरेमा वा परिच्छेद–३ बमोजिमको बालबालिकाप्रतिको दायित्व पूरा नगरेमा सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि सम्बन्धित बालबालिका वा सरोकारवालाले सम्बन्धित **उच्च अदालत**मा सोझै निवेदन दिन सक्नेछ । (२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा **उच्च अदालत**ले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी बालबालिकाको अधिकारको प्रचलन गराउन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउन सम्बन्धित व्यक्ति, संस्था वा निकायका नाउँमा उपयुक्त आदेश जारी गर्न सक्नेछ । (३) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा संरक्षक वा परिवारका कुनै सदस्यले बालबालिकाको अधिकारको उल्लङ्घन वा बालबालिकाप्रतिको दायित्व	(३) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :- "(५) कसैले दफा ७ को उपदफा (९) विपरीत कार्य गरेको पाइएमा त्यस्तो व्यक्ति उपर प्रचलित कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।" (२) ठाउँ ठाउँमा रहेका "उच्च अदालत" भन्ने शब्दहरूको सट्टा "बाल अदालत" भन्ने शब्दहरू राखिएका छन्।	प्रचलित कानून विपरीत कार्य गर्ने व्यक्तिलाई कारवाही गर्न र बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको हक हित सम्बन्धी सबै विषयको अधिकारक्षेत्र बाल अदालतलाई हुने कानूनी व्यवस्था रहेको र उच्च अदालतले पुनरावेदकीय क्षेत्राधिकार ग्रहण गर्ने भएकोले उच्च अदालतमा सिधै निवेदन लाग्ने व्यवस्थाको सट्टा बाल अदालतमा निवेदन दिने व्यवस्था गर्न उपयुक्त हुने देखिएकोले।

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
		पूरा गरेको नदेखिएमा **उच्च अदालत**ले त्यस्तो संरक्षक वा परिवारका सदस्यलाई बालबालिकाको अधिकारको विषयमा आवश्यक जानकारी गराई पुनः बालबालिकाको अधिकारको उल्लङ्घन नहुने वा निजप्रतिको दायित्व पूरा गर्ने प्रतिबद्धता प्रकट गर्न लगाउनु पर्नेछ । (४) उपदफा (२) बमोजिम आदेश जारी गर्दा **उच्च अदालत**ले बालबालिकाको अधिकार उल्लङ्घन गर्ने वा बालबालिकाप्रतिको दायित्व पूरा नगर्ने व्यक्ति, संस्था वा निकायका प्रमुखलाई सचेत गराउन वा यस ऐन बमोजिम सजाय गर्न र निजबाट क्षतिपूर्ति भराउने आदेश गर्न सक्नेछ ।		
	दफा ६६ को उपदफा (२) खण्ड (च)	(च)विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने,	"विद्युतीय" भन्ने शब्दपछि "डिजिटल" शब्द थपिएको छ।	डिजिटल भन्ने शब्दले सामाजिक सञ्जालमा भएको कसुरलाई समेट्ने भएकोले
	दफा ६६ को उपदफा (२) खण्ड (त१)	नयाँ खण्ड थप गरिएको।	बालबालिकालाई कमैया श्रम वा कमलरीको रूपमा राख्ने,	बालबालिकालाई कमैया श्रम वा कमलरीको रूपमा राख्ने कार्य कसूर कायम गर्न उपयुक्त भएकोले।

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
	दफा ६६ को उपदफा (२) खण्ड (त२)	नयाँ खण्ड थप गरिएको।	स्वास्थ्य जोखिमको कारण उपचार आवश्यक भएकोमा बाहेक अन्तरलिङ्गी बालबालिकाको लिङ्ग सुधार वा लिङ्ग निर्धारण गर्ने शैल्यक्रिया गर्ने,"	बालबालिकाको हक अधिकार सुनिश्चित गर्न।
	दफा ६९	दफा ६९: अस्थायी संरक्षण सेवाः तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन नेपाल सरकारले अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नेछ।	"**६९. अस्थायी संरक्षण सेवा**: (१) तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम आवश्यकता अनुसार अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नु पर्नेछ। (२) अस्थायी संरक्षण सेवाको प्रबन्ध सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"	विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकाको अस्थायी संरक्षण सेवा व्यवस्था गर्ने जिम्मेवारी संघीयताको मर्म बमोजिम प्रदेश सरकार र स्थानीय सरकारलाई पनि जिम्मेवारी दिन उपयुक्त देखिएकोले।
	दफा ७१ को उपदफा (१)	बालबालिका विरूद्धको कसूरबाट पीडित बालबालिकालाई शारीरिक वा मानसिक उपचार गराउन वा सामाजिक रूपमा पुर्नस्थापना गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुर्नस्थापना केन्द्र स्थापना गर्नेछ	मूल ऐनको दफा ७१ को उपदफा (१) मा रहेको "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले" भन्ने शब्दहरू राखिएका छन्।	सङ्घीयताको मर्म अनुसार सहकार्य, समन्वय र सह-अस्तित्व कायम गर्न

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
	दफा ७२ को उपदफा (३) को खण्ड (क)	मूल ऐन दफा ७२ को उपदफा (३) को खण्ड (क) लेख्ने	उपदफा (३) को खण्ड (क) मा रहेका "दफा ६६ को उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) वा (द)" भन्ने शब्दहरूको सट्टा "दफा ६६ को उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (त२) वा (द)" भन्ने शब्दहरू राखिएका छन्।	खण्डहरू मिलाउनु पर्ने भएकोले।
	दफा ७२ को उपदफा (३) को खण्ड (क१)	नयाँ खण्ड थप गरिएको।	दफा ६६ को उपदफा (२) को खण्ड (त१) बमोजिमको कुनै कार्य गरेमा तीन महिनासम्म कैद र एक लाख रुपैयासम्म जरिबाना,"	दफा ६६ को उपदफा (२) को खण्ड (त१)मा कसूर कायम गरिएकोले सजाय गर्न आवश्यक भएको।
	दफा ७३ को उपदफा (५)	नयाँ व्यव3स्था थप गरिएको ।	यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाले कुनै कसूरजन्य कार्य गरी क्षतिपूर्ति तिर्न नसक्ने अवस्था भएमा पीडित बालबालिका भए निजलाई दफा ६३ बमोजिमको बाल कोषबाट क्षतिपूर्ति भराई दिइनेछ र पीडित वयस्क व्यक्ति भएमा निजलाई प्रचलित कानून बमोजिमको पीडित राहत कोषबाट क्षतिपूर्ति भराई दिनु पर्नेछ।	क्षतिपुर्तिलाई वस्तुनिष्ठ बनाउन आवश्यक देखिएकोले।
	<u>रूपान्तर</u>		**<u>रूपान्तर</u>** :मूल ऐनको ठाउँ ठाउँमा रहेका "बाल मनोविज्ञ" भन्ने शब्दहरूको सट्टा "बाल	"बाल मनोविज्ञ" भन्नाले मनोविज्ञानको क्षेत्रमा उच्च शैक्षिक योग्यता प्राप्त गरि

क्र.सं.	दफा/उपदफा	हालको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
			मनोविमर्शकर्ता " भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ।	सो क्षेत्रमा विशेषज्ञता हासिल गरेका व्यवसायिक व्यक्तिलाई जनाउने हुँदा यस्ता विशेषज्ञहरू देशभरिका स्थानीय तहहरूमा सहजरुपमा उपलब्ध हुन सक्ने सम्भावना न्यून भएकाले अन्तराष्ट्रिय परिभाषासँग अनुकूल बनाउँदै स्थानीय आवश्यक्तालाई सम्बोधन गर्न "बाल मनोबिमर्शकर्ता" भन्ने शब्द प्रयोग गर्न उचित भएकोले।